समाचार र विचारको स्वतन्त्र संवाहक
'क' वर्गमा सूचीकृत

# कालपृष्ठ

वर्षः २३ अंकः २२८ सोमबार ३० चैत २०७७ (Monday 12 April 2021) दैनिक पृष्ठः ४ मूल्यः ६।-

गाउँघर, कुनाकाप्चा, टोलका विकास-निर्माण वा जनसमस्या सम्बन्धित कुनैपनि खबर सार्वजनिक गर्नु परेमा



हामीलाई जानकारी दिनुहोस्।
मो.नं.: ९८५११४८३६१, ९८५८०४६०३९

## 'सिक्टालाई बहुआयामिक क्षेत्रमा प्रयोग गर्न सकिन्छ'



**वीरेन्द्र जैसी**
*नेपालगन्ज, २९ चैत*

सिक्टा सिँचाई आयोजनाबाट सबैभन्दा बढी लाभान्वित हुने क्षेत्र हालसम्म कृषिलाई मात्रै मानिँदै आएको छ। तर विज्ञहरू आयोजनाको पानीलाई बहुआयामिक क्षेत्रमा प्रयोग गर्न सकिने बताउँछन्। जुन विषयमा बाँकेमा खासै चर्चा हुने गरेको छैन।

राप्ती नदीमा सिमित हुँदै बग्ने पानीलाई आयोजनाले बाँकेका गाउँ र शहरसम्म पुऱ्याइदिएको छ। जसले पानीजस्तो वातावरण सन्तुलनको एक महत्वपूर्ण तत्वको फैलावट जिल्लाभरी हुनेछ।

हाल बाँकेमा हिउँदको सिजन सुरु भएपछि हाते नलहरूमा पानी सुक्ने समस्या सुरु भइसकेको छ। त्यसको मुख्य कारण जमिनमूनि पानीको पर्याप्त पुनर्भरण नहुनु रहेको विज्ञहरू बताउँछन्। यदि सिक्टाको पानीलाई कृषि क्षेत्रमा प्रचुर रूपमा प्रयोग गरियो भने त्यसले जमिनमूनिको पानी पुनर्भरण गराउने र हाल देखिएको जमिनमूनिको पानीको सतह घट्ने समस्या कम हुन सक्छ।

सिक्टा सिँचाई आयोजनाका निर्देशक लोक वहादुर थापा आयोजनाको पानी कृषिका लागि मात्रै हो भन्ने नसोच्न आग्रह गर्छन्। उनले आयोजनाको मुख्य उदेश्य सिंचाई नै भएपनि पानीलाई वातावरण संरक्षण, वृक्षारोप, नाला सरसफाई र उद्योग संचालन लगायतका क्षेत्रमा पनि प्रचुर मात्रामा प्रयोग गर्न सकिने सम्भावना रहेको बताए।

जमिनमूनिको पानी सुक्दै गएको अवस्थामा अब जमिनमाथिको पानीको प्रयोगलाई पहिलो प्राथमिकता दिलनुपर्ने आवश्यकता रहेको थापाले बताए। त्यसकारण जमिनमूनिको पानीको बढी दोहन हुने उद्योगले सिक्टाको पानी प्रयोग गर्न सक्ने उनको भनाई छ।

तर जिल्लामा रहेका उद्योगहरू छरपष्ट रहेकाले उद्योगहरूलाई सिक्टाको पानी प्रयोग गर्न चुनौति रहेको नेपालगन्ज उद्योग वाणिज्य संघले जनाएको छ।

बाँकेको नौवस्तामा निर्माणाधिन अवस्थामा रहेको औद्यौगीक क्षेत्रमा उद्योग संचालनका लागी लाखौ लिटरको पानीको आवश्यक्ता पर्ने छ। त्यो पानी जमीनमूनीबाट नै निकाल्नुपर्ने अहिलेको बाध्यता हो।

तर संभव भएका क्षेत्रमा सिक्टाको पानीलाई प्रयोग गर्न निर्देशक थापाको आग्रह छ। त्यसका लागी आवश्यक पानी दिन सकिने थापाले बताए।

यसका साथै नेपालगन्जको सडक, नाला सरसफाइमा पनि सिक्टाको पानीलाई प्रयोग गर्नेतिर सम्बन्धित निकायले सोच्नुपर्ने थापाले बताए। शहरमा वृक्षारोपण गरी हरीयालीकरण गर्न पनि सिक्टा सिँचाईको पानीकै प्रयाग गर्नु उपयुक्त हुने उनको भनाई छ।

यस्तै, खानेपानीको लागी नेपालगन्ज उपमहानगर, कोहलपुर नगर, खजुरा र वैजनाथ गाँउपालीकामा जमिनमूनिको स्रोतमा आधारित खानेपानीका आयोजना निर्माणाधिन छन्। जमीनको सतहमा पानी सुक्दै गएको अवस्थामा त्यस्ता आयोजनाको दिर्घकालिनताका लागि पनि पहिला जमिनमाथिकै पानीको प्रयोग गर्नेतिर ध्यान दिनुपर्ने थापाले बताए।

विस. २०६३ सालदेखी निर्माण सुरु भएको सिक्टाको पश्चिमी नहरमा एकवर्षदेखी निरन्तर पानी सन्चालनमा छ। सधै कृषि क्षेत्रमा पानी नचाइने भएकाले यसको अन्य क्षेत्रमा उपयोग बढाउन सकिने सम्भावना देखीएको आयोजना निर्देशक थापाले बताए।

*बाँकी पृष्ठ ३*

## आर्थिक अभावसँग जुध्दै नीलसागर

**निशु जोशी**
*नेपालगन्ज, २९ चैत*

नेपालगन्जस्थित नीलसागर सेवाश्रम संचालनका लागि आर्थिक अभाव भइरहेको छ। नेपालगन्जसहित, कोहलपुर, दाङ र बर्दियामा शाखा रहेका शाखाहरू समेत आर्थिक अभावका बिच संचालन भइरहेका छन्।

सडक मानव व्यवस्थापनका लागि भनेर प्रदेश सरकारले वार्षिक २० लाख नीलसागरका लागि छुट्याएको छ। तर नेपालगन्ज कार्यालयमा मात्रै मासिक खर्च ५ लाख भइरहेको छ,

नेपालगन्जसहित अरू शाखा संचालनका लागि उक्त वजेट न्यून भएको अध्यक्ष सरिता खनालले बताइन्।

आश्रममा महिला र पुरुषलाई संगै एउटै ठाँउमा राख्न नहुने नियम छ। विभिन्न घटना हुन नदिनका लागी यस्तो ऐनको निर्माण गरीएको हो। उक्त ऐन अनुसार नै हाल नेपालगन्जको कार्यालयमा आमा र वच्चाहरू मात्र राख्ने गरीएको छ। पुरुषहरूलाई कोहलपुर शाखामा राख्ने व्यवस्था मिलाइएको छ। कउनका अनुसार, जति ठाँउमा शाखाहरू खुलेका छन् त्यहाँ सबै ठाँउमा महिला र पुरुष छुट्टै राखेर व्यवस्थापन गर्ने गरीएको छ। छुट्टाछुट्टै भवनमा राख्ने गरीएको छ।

सरकारले पस्तावका आधारमा आर्थिक सहयोग दिने भएपनि नियमीत रूपमा पाउन नसकेको बताउदै अध्यक्ष खनालले भनिन् 'विगत २ वर्षदेखी प्रदेश सरकारले मात्र आश्रमको लागी वजेट छुट्याउदै आएको छ। तर बजेट सिमित छ। नेपालगन्जमा वार्षिक ५ लाख सम्म खर्च छ। १/२ लाखसम्म अन्य शाखाहरूमा पनि खर्च लाग्ने गरेको छ।'

आश्रममा रहेकाहरूको खानपान, औषधि उपचारका लागी धेरै रकमको आवश्यकता पर्ने गर्छ।

*बाँकी पृष्ठ ३*




## पत्रकारका नेताद्वारा सपथ ग्रहण

**कालपृष्ठ समाचारदाता**
*नेपालगन्ज, २९ चैत*



नेपाल पत्रकार महासंघ बाँके शाखाका नवनिर्वाचित अध्यक्ष दामोदर भण्डारीले सबैलाई समेटेर अघि बढ्ने पतिबद्धता जनाएका छन्। आइतबार पथ तथा गोपनियताको सपथ ग्रहण कार्यक्रममा बोल्दै भण्डारीले महासंघको गरमा उँचो बनाउन आफू प्रतबिद्ध रहेको बताए। महासंघलाई नयाँ रूप दिन आफूले कार्ययोजनासहित काम गर्ने भण्डारीको भनाई छ।

अध्यक्ष भण्डारीसँगै पदाधिकारी, सदस्य, राष्ट्रिय परिषद् र प्रदेश परिषद् सदस्यहरूले पथ तथा गोपनियताको सपथ ग्रहण गरेका छन्।

निर्वाचन समितिका संयोजक वरिष्ठ पत्रकार पूर्णलाल चुके र निर्वाचन समिति सदस्य अधिवक्ता केशव कोइरालाले आइतबार एक समारोहकाबिच नवनिर्वाचित सबैलाई प्रमाणपत्र वितरणसँगै सपथ खुवाएका हुन्।

शाखाका अध्यक्ष दामोदर भण्डारी, उपाध्यक्ष संगीन शर्मा, महिला उपाध्यक्ष करुणा शाह, सचिव कमल डाँगी, सहसचिव कृष्ण ओली, समावेशी सहसचिव हेमन्त चौधरी, कोषाध्यक्ष विनोद पौडेल, महिला सदस्य सावित्री गीरी, दलित सदस्य पवित्रा परयिार, मधेशी सदस्य भिष्म लोध, अल्पसंख्यक सदस्य मोहम्मद जावेद हलवाई, जनजाति सदस्य राधेश्याम चौधरी तथा खुल्ला सदस्यहरू सौरभ गिरी, सुनलि रेग्मी, जावेद अहमद शाह, दिनेश ठाकुर, निर्मल आचार्य, खगेन्द्र प्रसाद आचार्य, डिल्ली शाही र शंकर लामिछानेलाई प्रमाणपत्र वितरणसंगै सपथ खुवाइएको हो। साथै जिल्लाबाट राष्ट्रिय परषिद् र प्रदेश परिषद् सदस्यमा निर्वाचितहरूलाई पनि प्रमाणपत्र वितरणसंगै सपथ खुवाइएको थियो।

सपथ कार्यक्रममा नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश कमिटीका उपाध्यक्ष शुक्रऋषि चौलागाईं, बाँके शाखाका संस्थापक अध्यक्ष लियाकत अली, पूर्व अध्यक्ष प्रेम केसी, झलक गैरे, नेपाल प्रेस युनियनका बाँकेका अध्यक्ष अर्जुन ओली, प्रेस चौतारीका अध्यक्ष हेमन्त विक, प्रेस संगठन नेपालका राजेश आचार्य, भारतीय पत्रकार मणरिाम शर्मा लगायतले नवनर्विाचति जिल्ला कार्यसमतिलिाई बधाई ज्ञापन गर्दै पत्रकार महासंघको गरिमा बढ्ने गरी उत्कृष्ट कार्य गर्न शुभकामना दिएका थिए।

*बाँकी पृष्ठ ३*

Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज। फोन नं.: 081-525860, 527486, 9858046254, 9858023860
> 2D & 3D बोर्ड
> शिलालेख, ताम्रपत्र

# तीन ठूला समस्यासँग जुधिरहेको 'बैकुण्ठ' अछाम

विचार



गोकर्णप्रसाद उपाध्याय

पंक्तिमा भनिएजस्तै अछाम धेरै हिसाबले बैकुण्ठ छ। चिरिच्याट्ट भूगोलमा लटरम्म खुल्ने प्रकृति। कर्णाली, बुढीगंगा र सेती नदीवेष्ठित। सहयोगी कैलाश खोला। सबैखाले अन्नोत्पादन हुने हावापानी।

चार धाममध्ये एक वैद्यनाथ धाम, तत्कालीन राजाहरू वर्षैपिच्छे दर्शन गर्न पुग्ने बरदादेवी र बाजुराको बडिमालिका जाने रूट भएको भूमि। तिमिल्सैना, ढकाल, धमला, घोडासैनीजस्ता थुप्रैको पुर्ख्यौली थलो। मुस्लिम बस्ती हुने सबभन्दा पश्चिमी पहाडी भूगोल।

जनसंख्या अनुपातमा ठूलो संख्या, सम्भवतः सबभन्दा बढी दलित जाति भएको, धार्मिक तथा जातीय विविधतायुक्त क्षेत्र। थुप्रै जिल्लाभन्दा पहिले २०२४ सालमै गाडी पुगेको र दुइटा एअरपोर्ट भएको जिल्ला।

दरबार, देवलजस्ता ऐतिहासिक धरोहरहरू अनि रामारोशन, खप्तड, नैनीजस्ता पर्यटकीयस्थल भएको भूखण्ड। साहित्य, देउडा र न्याउलेजस्ता मौलिक गीत-संगीत र राजनीतिमा पनि राम्रै प्रभाव भएको ठाउँ।

तर पनि अछामको सुन्दरता, शालीनता, सभ्यता र समृद्धि यहाँका विकटता, कुप्रथा, कमजोरी र गरिबीको छायामा लुप्त छन्। समयक्रमसँगै अछाम मूलतः तीन ठूला समस्यासँग जुधिरहेछ।

भौगोलिक सुन्दरताका बाबजुद व्याप्त विकटता।

सामाजिक कलंकको रूपमा स्थापित छाउपडी कुप्रथा।

र, हिंसा, अपराधको प्रमुख कारक र विकृतिको जड मदिरा।

लाग्छ अक्कर, छाउपडी र मदिराको 'सर्टकर्ट' हो अछाम। सम्भावनाभित्र समस्याका थुप्रै गाँठाहरू छन्।

**अक्कर:**

अक्कर अर्थात जान मुश्किल पर्ने विकट ठाउँ वा भूगोल। २०७७ भदौ २ गते राति रामारोशनको कैलाश खोलामा बाढी आएर सडक क्षतविक्षत हुँदा हप्तौं खाद्यान्न र अन्य राहत सामग्री हेलिकप्टरबाट मात्रै पुर्‍याउन सम्भव भयो। महिनौं लाग्यो यातायात पुनः सुरू गर्न।

तुर्माखाँद, गोदेगाउँकी नामसरा विकलाई सोही मंसिर १५ गते सुत्केरी व्यथा लागेपछि स्थानीय स्वास्थ्य चौकीसम्म पुर्‍याउन घन्टौं लाग्यो। छैटौं सन्तान जन्माउँदै थिइन् उनी। रक्तस्राव बढेपछि सदरमुकाम लैजान त्यो दूर्गम गाउँमा एम्बुलेन्स त टाढाको कुरा, अरू गाडी समेत भेटिएनन्।

साँझ परिसकेकाले हेलिकप्टर 'रेस्क्यु' सम्भव भएन। जेनतेन गाडी खोजेर सदरमुकाम ल्याउँदै गर्दा बच्चाको बाटैमा मृत्यु भयो। अस्पताल पुर्‍याएर रगत चढाउने तयारी गरिरहँदा विकटता र अभावसँग नामसराले पनि हारिन्। पाँच सन्तानलाई टुहुरा बनाएर गइन्।

पूर्वी अछामबासी भन्छन्, 'देश विकास पूर्वमा बढी छ तर अछामको विकास पश्चिममा।'

सबभन्दा ठूलो व्यापारिक केन्द्र साँफेबगर पश्चिममै छ। पूर्वी अछामका पञ्चदेवल विनायकको बारला, कालेकाँडा र तुर्माखाँदको भुलु, रहफ पुग्न दैलेख हुँदै कर्णाली तरेर जानुपर्छ। कैयौं ठाउँ पुग्न सदरमुकामबाट पूरै दिन लाग्छ।

स्थानीय तहको केन्द्रबाट अन्तर्गतका कुनै वडामा पुग्नुभन्दा ५० किलोमिटर टाढाको जिल्ला सदरमुकाम नजिक हुने ठाउँ पनि छन्।

बलाताबासी भन्छन्, 'कर्णालीले छेकेर मात्र हो, नत्र सुर्खेतै नजिक थियो। कर्णालीले हामीलाई विकटता र दुःख मात्र दियाको छ।'

२०२५ सालदेखि बन्न थालेको चिसापानी, कैलालीबाट अछामसम्म लैजाने १०५ किलोमिटर सडक ५२ वर्षदेखि बनेको बन्यै छ। कहिलेसम्म बनिरहने हो? यकिन छैन।

भारत चीन जोड्ने सबभन्दा छोटो सडक सेती लोकमार्ग कैलालीको दुर्गौलीबाट बझाङको ताक्लाकोटसम्म पुग्न कति समय लाग्ला? सबै नाजवाफ छन्।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले कमलबजारका सयौं घरमा उज्यालो दिन जडान गरेको सोलार प्यानलसहित २० किलोवाट क्षमताको वायु ऊर्जा सामान्य प्राविधिक समस्या देखिएर केही समयमै बन्द भयो। फेरि सुरू गर्न स्थानीय तह वा अन्यत्र कतैबाट पहल नहुँदा बेवारिसेझैं लाग्छ। हावाको वेग र दिशाअनुसार कहिले कता कहिले कता फर्किएर घुम्ने पंखा मात्र देखिन्छ।

**छाउपडी:**

छाउपडी प्रथाले महिलाको जीवनमा पारेको प्रभाव विषयक राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन-२०७५ भन्छ- अछाम छाउपडी प्रथाको सन्दर्भमा अत्यन्तै कट्टर जिल्ला हो।

सदियौंदेखि चलिआएको यो कुप्रथाका कारण थुप्रै किशोरी र महिलाले अकालमै ज्यान गुमाएका छन्। छाउगोठभित्र एक्लोपन, निराशा र कष्ट छ। जनावर र सरीसृपको भय छ। बलात्कार र हिंसाको त्रास छ। छाउगोठमा बस्ने ठाउँ मात्र होइन, संसारै साँघुरो छ।

दशकौंदेखि छाउपडी प्रथा अन्त्य अभियान चलेका छन्। गैरसरकारी संस्थाहरूले करोडौं खर्च गरेका छन्, स्थानीय तहले उत्तिकै। ७५ मध्ये ३१ गाविस र हालका १० मध्ये ५ स्थानीय तह कागजमा छाउगोठ मुक्त घोषणा गरिएका छन्। तर अझै ती ठाउँमा गिज्याउने गरी छाउगोठका संरचना भेटिन्छन्।

२०७३ पुस १४ गते छ सयभन्दा बढी अछामबासीले छाउपडी लगायत कुसंस्कार विरूद्धको अभियानमा सामूहिक प्रतिबद्धता गरे। कानुनै बनेपछि २०७६ पुस १५ गते सिडिओको संयोजकत्वमा बैठक बसी फागुन मसान्तभित्र अछामलाई छाउगोठ मुक्त घोषणा गर्ने निर्णय भयो। सिडिओ आफैं छाउगोठ भत्काउन हिँडेपछि छ हजारजति छाउगोठ भत्किए।

२०७७ पुसपछि सुरू भएको अभियानको दोस्रो चरणमा थप आठ सय भत्किए। अभियानले नयाँ उचाइ लियो तर छाउगोठ मुक्त हुन अझै उल्झनहरू बाँकी छन्।

**मदिरा:**

मर्त्यलोकदेखि महालोक (स्वर्ग) सम्मै चर्चा हुने मदिराको चर्चा अछाममा किन हुँदैनथ्यो?

बुढापाका भन्छन्, '२०४२-४३ सालदेखि हो अछाममा मदिरा व्यवस्थापनको कुरा चलेको। मदिरा बन्द गर्नुपर्छ भन्ने र खोल्नुपर्छ भन्ने दुवैथरीले पटक पटक आन्दोलन गरे। हिजो रक्सी प्रतिबन्धित गर्दा औषधिका पेटीभित्र राखेर हेलिकप्टरबाट ओसारियो। न पोकाको रक्सी रोकियो, न घरेलु मदिरा पोख्ने काम रोकियो। बेच्नेले बेचिरहे। पिउनेले पिइरहे।'

कोरोना कहरका बीच क्वारेन्टिनमा बसेकाहरूले समेत खेर गएको खाना बटुलेर मदिरा बनाएको पाइयो। मदिरा पिएर झगडा गर्नु, घरेलु हिंसा गर्नु त सामान्य भयो। प्रहरीमाथि नै जाइलागेका थुप्रै घटना छन्।

पीडितहरू गुनासो गर्छन्, 'बजारमा दूधको अभाव छ तर रक्सी जहाँसुकै, जतिसुकै पाइन्छ। गाउँघरमा खाद्यान्न वा औषधि उधारोमा पाइँदैन तर दारु पाइन्छ।'

रक्सी समस्या नभएर प्रवृत्ति बनेको देख्दा अछामीहरू भन्छन्, 'रक्सी जति सकिन्थ्यो होला तर मान्छेजति नसकिने रहेछ।'

रक्सीबाट सबभन्दा प्रभावित महिला हुन्छन् तर घरेलु मदिराको 'हटस्पट' रामारोशन कालापानीको मगर बस्तीमा मदिरा उत्पादन गर्ने, ओसारपसार गर्ने महिला नै छन्। कैयौं ठाउँमा बालबालिका प्रयोग भएका छन्। समाजलाई भित्रभित्रै खोक्रो बनाउन सफल छ मदिरा।

समस्या माथिका तीनवटा मात्र होइनन्, थुप्रै छन्। इतिहासमा नौखुवा नामले चिनिने सानासाना नौवटा राज्यहरू भएको र हाल दस स्थानीय तह रहेको अछाममा २०६८ मा कुल जनसंख्याको १२.१ प्रतिशत मानिस मुलुक बाहिर छन्। तीमध्ये पनि ९७.७ प्रतिशत भारतमा र बाँकी २.३ प्रतिशत तेस्रो मुलुकमा छन्।

तुर्माखाँद-२, भुलुका वडा अध्यक्ष भन्छन्, 'मेरो वडाबाट यस वर्ष रोजगारीका लागि विदेशिने सयौं हजारौंमध्ये ५ जना मात्र साउदी अरब गएका छन्। बाँकी सबै इन्डिया।'

एउटा ढकारी, अर्को तुर्माखाँदतिर जाने बाटोहरू एकापसमा छुट्टिने सानो बजार छ- पुनेपाटा।

बजारको तल्लो माथिल्लोपट्टि प्रशस्तै मकै फलेका छन्। जिल्लाको अनुगमन टोलीले बारीको मकै, काँक्रा र भट्मास खान खोजिरहँदा एउटी महिला चोटामा उक्लिने लिस्नुमा बसेर चाउचाउको प्याकेट फुटाउँदै छिन्। बजारभरी छरपस्ट छन् चाउचाउ र बिस्कुटका खोलहरू। बारीको घोगा भाँचेर खानुभन्दा 'जंक फुड' संस्कृतिका कारण खाद्य बानी बिग्रिरहेको संकेत हो यो।

सिडिओलाई मान्छेहरू भन्छन्, 'वीरपथमा बँदेलले मकै खाएर हैरान पार्‍यो, बँदेल धपाइदिनुस्। बारलामा घन्टौंदेखि रक्तस्राव भएर सुत्केरीको अवस्था गम्भीर छ। नगरपालिकाको एम्बुलेन्स छैन, अर्को गाडी खोज्दा पाइएन, गाडी पठाइदिनुस्। अल्लेडीमा गर्भवतीलाई चार घन्टादेखि बेथाले च्यापेको छ, बच्चाको हात निस्किसक्यो, अस्पताल लैजान पहिरोले बाटो भत्किएको छ, हेलिकप्टरबाट उद्दार गरिदिनुस्।'

समस्या त छन् जताततै। सोचमा। समाजमा। कर्मचारीतन्त्रमा। विकास निर्माणमा। स्थानीय तहमा। बजारमा। नजरमा। तर समस्याले सम्भावना र इतिहास लुकाउनु बुद्धिमता होइन। अछामीको लागि त झन् सुहाउँदै सुहाउँदैन।

चील कौवाहरूले अनवरत कावा खाइरहने अनि नजर ठोक्किनासाथ हेरेको हेर्‍यै गर्न मन लागिरहने, सदाबहार सुन्दर धर्ती कहीँ छ भने त्यो अछाम मात्रै हो। यसको थप सुन्दरता बाहिर ल्याउन समाजभित्रका कुरूपताका गाँठाहरू फुकाउँदै जानुपर्छ।

*-सेतोपाटीबाट*

# इस्लाम धर्ममा जकात

इस्लाम धर्ममा पाँच किसिमका अरकानहरू रहेका हुन्छन्। अरकान भनेको स्तम्भ वा जग भन्ने अर्थमा हुन्छ। जसमा आधारित भएर नै इस्लाम धर्मको ढाँचा निर्भर रहेको हुन्छ। ती ५ अरकान निम्नानुसार रहेका छन्।

१ शहादत
२ सला
३ जकात
४ सौम
५ हज



**शहादत** : शहादतको बारेमा जानकारी राख्नु हरेक इस्लाम धर्मावलम्बीहरूको लागि महत्वपूर्ण कुराहरू हुन्। हरेक इस्लामले कलमा शहादतको अर्थ जान्नै पर्छ भन्ने मान्यता राखिन्छ।

**सला** : हरेक मुस्लिमले प्रतिदिन ५ पटक नमाज पढ्नुपर्छ भन्ने मान्यता छ। उर्दू भाषामा नमाज भनेर चिनिने उपासनालाई नै अरबी भाषामा सला भन्ने गरिन्छ। रोजा, नमाज आदि सबै वयस्कहरू अर्थात् वयस्क मुसलमानहरूको लागि अनिवार्य हुन्छ। तर जकात र हज सबैका लागि अनिवार्य हुँदैन। बरु आर्थिक रूपमा सम्पन्न भएपछि जकात दिइन्छ र स्वास्थ्य र आर्थिक अवस्था सुदृढ भएपछि एकपटक हज जानुलाई उपयुक्त मानिन्छ।

हज इस्लामिक क्यालेन्डरका अनुसार हरेक वर्ष जिलहिज्ज महिनाको ८ देखि १२ तारिखसम्म चल्ने गर्छ। सम्पूर्ण विश्वका मुसलमानहरूका लागि किबला अर्थात् कावा शरीफ जुन साउदी अरेबियाको मक्का शहरमा अवस्थित छ, त्यसको तवाफ अर्थात् चक्कर लगाउनुलाई नै हजयात्रा मानिन्छ। हजको समयमा हज यात्रीहरू आरामले बस्नुपर्छ। आरामको अर्थ बिना सिलाएको वस्त्रमा हज गर्नुपर्छ। यद्यपि बिना सिलाएको वस्त्रको पाबन्दी पुरुषलाई हुन्छ महिलालाई हुँदैन। हजको समयमा दिमाग तथा शरीर शुद्ध हुनु आवश्यक छ।

हज यात्राको समयमा मदीनाको यात्रा हरेक हाजीहरूको लागि जीवनको सबैभन्दा खुशीको यात्रा मानिन्छ। हजरत मदीना पैगम्बर मोहम्मदको चिहान हो।

इस्लाम धर्ममा जकातको ठूलो महत्व हुन्छ। जकातको अर्थ दान भन्ने हुन्छ। यो कर होइन बरु धनमालको पवित्रता र गाउँ समाजमा बसेका गरिब गुरुवाको सहायताको लागि गरिने सहयोगको सिलसिला हो। आज पनि लाखौं गरिब परिवारको जीविका जकात स्वरूप निकालेको दानबाट चलिरहेको छ।

जकात दिनुले पाप मेटिन्छ भन्ने मान्यता पाइन्छ। दान दिँदा आफ्नो धनमालमा समेत वृद्धि हुन्छ भन्ने मान्यता इस्लाम धर्ममा पाइन्छ। स्वर्ग (जन्नत) मा समेत उसलाई ठाउँ मिल्छ भन्ने मान्यता पाइन्छ। यति हुँदाहुँदै पनि इस्लाम कानुनले जोकोहीलाई जकात लिनको लागि योग्य मानेको छैन। ८ प्रकारका व्यक्तिले मात्रै जकात लिन सक्ने स्पष्ट व्यवस्था इस्लाम कानुनमा उल्लेख छ।

इस्लाम धर्मका अनुसार जकात (दान) लिन योग्य ८ किसिमका व्यक्तिहरू को-को हुन्?

१. फकिर अथवा धेरै लाचार मान्छेले जकात(दान) लिनु जायज हुन्छ।

२. गरिब र नादार जसको औकात फकिर भन्दा अलि राम्रो खालको छ।

३. जकात असुल्ने र अरूको संरक्षण गर्ने मान्छेको लागि जकात जायज छ।

४. तालिफ कल्ब अथवा इस्लाम धर्मलाई सुदृढ पार्ने वा कुनै गैरमुस्लिम प्रधानलाई इस्लाममा ल्याउने चाहनाले वा उस्को उपद्रव र बुराईबाट जोगाउने हेतु तिनीहरूलाई जकात दिनु जायज छ।

५. गुलामलाई गुलामीबाट आजाद गर्ने हेतुले जकात दिनु जायज छ।

६. ऋण र साप्ठीले बेहाल भएका मान्छेको लागि जकात जायज छ।

७. फि सबिलिल्ला अथवा इस्लामको प्रचार प्रसार गर्ने र मोजाहिद अथवा युद्धको लागि जकात जायज छ।

८. बटुवा र यात्रीले पैसा खतम भएमा वा चोरी भएमा आफ्नो घरसम्म जाने हेतु जकात लिनु जायज छ।

*-अनलाइनखबरबाट*

# रोग प्रतिरोधात्मक क्षमता बढाउने ५ पेयपदार्थ

पछिल्लो समय विभिन्न प्रकारका संक्रमण बढिरहेको हुँदा यस्ता संक्रमणबाट बच्न विभिन्न प्रकारका घरेलु उपायहरू अपाउनुपर्छ। घरेलु खानेकुराहरूले रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि मद्दत गर्छ। सही पोषक तत्वको आपूर्तिले रोग प्रतिरोधात्मक क्षमता, एन्टिबडिज रोगहरू र संक्रमणसँग लड्न मद्दत गर्छ।

कोरोना भाइरसको महामारीका कारण हाम्रो दैनिक जीवनमा रोग प्रतिरोधात्मक क्षमता बढाउने खानेकुराहरू खाने गर्नुपर्छ। त्यसका लागि केही यस्ता पेयपदार्थहरू बनाएर पिउने गर्नुपर्छ।



**तरबुजाको जुस**

तरबुजामा अत्यधिक मात्रामा पानी हुने भएकाले यसले शरीरमा पानीको कमि हुन दिँदैन। यसले शरीरलाई डिटाक्सिफिकेशन गरेर रगत सफा गर्ने काम गर्छ। यसले कलेजोमा भएको रगत शुद्ध गर्ने, विषाक्त पदार्थ बाहिर फ्याँक्ने काम गर्छ। यसको जुसमा हुने पोषक तत्वहरू भिटामिन ए, सी र म्याग्नेशियम हुन्छ। यसले मांसपेशी दुख्ने र फ्लुको खतराबाट बचाउँछ।

**टमाटरको जुस**

टमाटरको ताजा जुसमा फोलेट हुने भएकाले यसले संक्रमणको खतराबाट बचाउँछ। यसमा विभिन्न प्रकारका भिटामिन, मिनरल र शक्तिशाली एन्टिअक्सिडेन्ट हुने भएकाले यसले स्वास्थ्य सम्बन्धी फाइदा पुर्‍याउँछ।

**अमिलो फलफूलको जुस**

अमिलो फलफूल भिटामिन सीको स्रोत हो। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ। यस्तो पेयपदार्थले सेतो रक्तकोशिकाहरूको उत्पादनमा बृद्धि गर्छ। यसले शरीरमा संक्रमण र भाइरलबाट बचाउँछ।

**लौकाको जुस**

लौकाको बिउको जुसमा जिंक, म्याग्नेशियम र फाइबर अधिक मात्रामा हुने भएकाले यसले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ।

**राता फलफूलको जुस**

चुकन्दर, गाजर, स्याउ जस्ता फलफूलमा पोषक तत्व भरपुर मात्रामा पाइन्छ। यस्ता फलफूलको जुसले विभिन्न प्रकारका फ्लुबाट बचाउँछ।

*-रातोपाटीबाट*

# बाँकेमा पहिलो पटक नागरिक सम्मेलन

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, २९ चैत*




बाँकेमा पहिलोपल्ट नागरिक सम्मेलन गरिएको छ। गैर सरकारी संस्था महासंघ नेपाल बाँके शाखाको आयोजना र बिभिन्न संघ–संस्थाहरूको सहकार्य तथा समन्वयमा आइतबार नागरिक सम्मेलन गरिएको हो।

सम्मेलनमा विविध विषयमा गहन छलफलपछि ११ बुदे नेपालगन्ज घोषणापत्र जारी गरिएको छ।

सम्मेलनमा दुईवटा विषयमा प्यानल छलफल गरिएको थियो। कार्यक्रममा गैरसरकारी संस्था महासंघ नेपालका केन्द्रीय अध्यक्ष जितराम लामाले गैसस मैत्रि वातावरण, दिगो विकास लक्ष्य र सुशासन विषयक कार्यपत्र प्रस्तुत गरेका थिए। महासंघ नेपाल बाँकेका उपाध्यक्ष चन्द्र प्रसाद तिमिल्सिनाले अध्यक्षता गरेको उक्त प्यानल छलफलमा गैसस महासंघ बाँकेका सल्लाहकार तेजविक्रम शाहले कार्यपत्रमाथि टिप्पणी गरेका थिए भने गैसस महासंघ बाँके शाखाका सचिव आशिष वर्माले सहजिकरण गरेका थिए। त्यसैगरी सामाजिक समावेशीकरणका लागि सरोकारवालाको भुमिका विषयमा अर्को प्यानल छलफल भएको थियो। गैसस महासंघ बाँकेका सल्लाहकार रबिन्द्र कर्णले कार्यपत्र प्रस्तुत गरेको प्यानलको अध्यक्षता गैसस महासंघ नेपालकी केन्द्रीय सदस्य नेत्रकला शाहीले गरेकी थिइन्। गैसस महासंघ नेपाल बाँकेकी कोषाध्यक्ष निर्मला सुनारले सहजिकरण गरेको प्यानल छलफलमा प्रस्तुत कार्यपत्रमाथि अधिकारकर्मि कमला पन्तले टिप्पणी गरेकी थिइन्।

नागरिक सम्मेलनको खुल्ला छलफल पश्चात जारी गरिएको नेपालगन्ज घोषणापत्रमा मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय र स्वतन्त्रताका लागि नागरिक समाजको भूमिकालाई थप प्रभावकारी बनाउने उल्लेख छ। यसैगरी संघिय संरचना अनुरूप सामाजिक संघ-संस्था सम्बन्धि नयाँ ऐन ल्याई गैससमैत्री वातावरण सिर्जना गर्न संघ, प्रदेश र स्थानीय सरकार लगायत सम्बद्ध निकायसंग जोडदार माग गर्ने, दिगो विकासका लक्ष्यहरूलाई आन्तरिकरण र स्थानीयकरण गर्ने, सामाजिक मुद्दाहरूको उठान गरी बहस गर्ने पनि घोषणा गरिएको छ। यस्तै सम्मेलनलाई थप व्यवस्थित गर्दै निरन्तरता दिने, कोभिड-१९ को दोस्रो चरणको कहरले पुनः समस्या पार्ने सम्भावनालाई मध्यनजर गर्दै समयमै सचेत रहन आम नागरिकलाई आह्वान गर्ने र सरकारलाई थप जवाफदेही बन्न आग्रह गर्ने उल्लेख गरिएको छ।

यस्तै विकास निर्माणमा मात्रै ध्यान केन्द्रित गरेका संघ, प्रदेश र स्थानीय सरकारलाई सामाजिक मुद्धामा संवेदनशिल बन्न जोडदार माग गर्ने, जिल्लामा व्याप्त बाल विवाह, लागु औषध, लैङ्गिक हिंसा, मानव बेचबिखन लगायतका सवालहरूमा सशक्त अभियान संचालन गर्ने, गैससहरूको आन्तरिक सुशासन र लोकतान्त्रिक पद्धतिलाई प्रवर्द्धन गर्ने, सार्वजनिक सेवालाई सेवाग्राहीमैत्री र प्रभावकारी बनाउन सरोकारहरूलाई जवाफदेही बनाउने पनि घोषणा गरिएको छ। यस्तै सामाजिक मुद्धामा बहस, पैरवी गर्न सशक्त नागरिक समाजको रूपमा एकताबद्ध भएर कार्य गर्ने र आम नागरिकलाई सूचना सम्मको पहुँच स्थापित गर्न सरकारसंग माग गर्ने घोषणापत्रमा उल्लेख छ।

# नेपालगन्जमा स्वयमुल्यांकन प्रशिक्षण

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, चैत २९*

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रशिक्षण कार्यक्रम आईतबार समापन भएको छ।

नेपालगञ्ज उप-महानगरपालिकाको आयोजनामा भएको प्रशिक्षण कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले निर्धारण गरेको १० वटा क्षेत्रहरूबारे विस्तृत रूपमा छलफल भएको थियो।

१० वटा क्षेत्रहरू शासकीय प्रवन्ध, सँगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायीक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तथा सहकार्य र समन्वय रहेका छन्।

नेपालगंज उप-महानगरपालिकाले गत आ.व.मा गरेका कार्यप्रगति तथा योजना कार्यान्वयनको समग्र अवस्था बारेमा छलफल गरी कार्यविधिले निर्धारण गरेको आधारमा मूल्याङ्कन गरिएको कार्यक्रम संयोजक दिपेन्द्र श्रेष्ठले जानकारी दिए।

प्रशिक्षणको समापन गर्दै उपप्रमुख उमा थापा मगरले आफुले गरेका कामको आफै मूल्याङ्कन गर्ने अवसर प्रदान गरेको, सन्तुलित विकास तथा नीति/कानुन निर्माणको लागि स्थानीय तहलाई प्रेरित गरेको र कार्यविधि आगामी दिनमा स्थानीय सरकारको सारथी हुने विश्वास व्यक्त गरिन्।

उप-महानगरपालिकाका प्रवक्ता एवम् वडा नम्बर १ का अध्यक्ष प्रमोद रिजालले कार्यक्रम अत्यन्तै फलदायी भएको र यसले आफुले गरेका कामको बारेमा समिक्षा गर्ने अवसर प्रदान गरेको बताए। उनले कार्यविधिमा भएका केहि बुँदाहरू भुगोल सुहाउदो नभएकोले त्यसमा परिमार्जन गर्न सकेमा यसले आगामी दिनमा स्थानीय तहलाई दिशानिर्देश गर्न सहजिकरण गर्ने धारण राखे

चैत २६ देखि सुरु भएको तालिममा प्रशिक्षण कार्यक्रममा उप-महानगरपालिकाका कार्यपालिका सदस्यहरू र विषयगत शाखाका शाखा प्रमुख एवं प्रतिनिधीको सहभागिता थियो।

# असल शासन तालिम सुरु

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, २९ चैत*

जनप्रतिनिधि र कर्मचारीका लागि दुई दिने असल शासन बिषयक तालिम नेपालगन्जमा सुरु भएको छ। नेपालगन्ज उप-महानगरपालिका वडा नम्बर २१ का जनप्रतिनिधि र कर्मचारीहरूको लागि सो तालिम सञ्चालन गरिएको हो।

जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धी गर्ने तथा असल शासनका बारेमा जानकारी गराउने उद्धेश्यले तालिमको आयोजना गरिएको हो।

तालिमको पहिलो दिन असल शासनको परिभाषा, असल शासनका आधारभुत तत्वहरूका विषयमा बासका निर्देशक हेमराज भट्टले सहजिकरण गरेका छन्। तालिमको क्रममा वडाले सुशासन प्रवर्द्धनमा गरेका राम्रा कार्यहरू र सुशासन प्रबर्द्धनका लागि गर्नुपर्ने कार्यहरूका बारेमा समुहगत छलफल गरिएको थियो। तालिम सोमबारसम्म चल्नेछ।

## जिल्ला व्यापी नकआउट तथा जिल्ला लिग फुटबल प्रतियोगिता-२०७७ सम्बन्धी अत्यन्त जरूरी सूचना

अखिल नेपाल फुटबल संघको नीति निर्देशन वमोजिम बाँके जिल्ला फुटबल संघले जिल्ला व्यापी नकआउट फुटबल प्रतियोगिता मिति २०७८।०१।१८ देखि तथा जिल्ला लिग फुटबल प्रतियोगता २०७८।०१।२१ गतेबाट हुने व्यहोरा अवगत गराउँदछौ।

उपरोक्त जिल्ला लिग फुटबल प्रतियोगिता २०७७ मा सहभागिताका लागि सम्पूर्ण क्लवहरूले २०७८ बैशाख १५ गते बुधबार दिउँसो ४:०० बजे भित्र संघको कार्यालयमा क्लवको आधिकारीक व्यक्ति स्वयम उपस्थित भई संघले तोकेको तपसिल वमोजिम कागजातहरू पेश गरी आफ्नो टीम दर्ता गर्नका लागि यस संघमा आवद्ध ११ क्लवका साथै नकआउट प्रतियोगितामा सहभागीहुने इच्छुक नयाँ क्लवहरूमा विनम्र अनुरोधका साथ यो सूचना प्रकाशित गरिएको छ।

**प्रतियोगितामा क्लव सहभागीताका लागि आवश्यक कागजातहरू:**

१. जिल्ला प्रशासन कार्यालय बाँके वा रा.खे.प. अन्तर्गत जिल्ला खेलकुद विकास समिति बाँकेमा वा प्रचलित एन्फा कानुन अनुसार दर्ता भई २०७६/०७७ को नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि थान–१
२. क्लब/संस्थाको बैंक खाता नं. भएको प्रमाणित प्रतिलिपी थान–१
३. क्लब/संस्थाको स्थायी लेखा नम्बर (पान नं.) को प्रतिलिपी थान–१
४. क्लब/संस्थाको २०७६/०७७ को कर चुक्ता प्रमाणपत्र थान–१
५. क्लब/संस्थाको आधिकारी व्यक्तिको नाम ईमेल र सम्पर्क नं निवेदनमा स्पष्ट खुल्ने गरी क्लवको लेटर प्याडमा अध्यक्ष/सचिवको हस्ताक्षर र छाप सहितको निवेदन।
६. प्रतियोगिताका लागि दर्ता शुल्क/क्लव नविकरण वापत जिल्ला फुटबल संघमा आवद्ध ११ क्लवहरूलाई रु. २५००।- (अक्षरूपीः दुई हजार पाँच सय मात्र) तथा नकआउट फुटबल प्रतियोगितामा सहभागी हुने नयाँ क्लवहरूलाई रु. ५०००।- (अक्षरूपीः पाँच हजार मात्र) इन्ट्री शुल्क लाग्नेछ। नेपाल बैंक लिमिटेड नेपालगञ्ज शाखामा रहेको जिल्ला फुटबल संघ बाँकेको चल्ती खाता नं. ००४००१०००२०२१७००००००१ मा जम्मा गरि सो भौचरको प्रतिलिपी टीक दर्ता गर्दा पेश गर्नुपर्ने।

**पुनश्च**: उपरोक्त कागजात सहित बाँके जिल्ला फुटबल संघले तोकेको समयमा स्व्यम उपस्थित भई आफ्नो क्लव/संस्था दर्ता गर्न अनुरोध गरिन्छ, ईमेल वा अन्य माध्यामबाट फाइल दर्ता गरिने छैन। दर्ता भैसके पश्चात प्रतियोगिता छाड्न मिल्ने छैन अन्यथा खेल नियमावली अनुसार प्रक्रिया अगाडी बढाइने छ।
जिल्ला लिग फुटबल प्रतियोगितामा सहभागीता नजनाउने क्लव स्वतह रेलिगेशन (घटुवा) मा पर्ने व्यहोरा जानकारी गराईन्छ।
प्रतियोगिता नियमावली खेलाडी एवं अफिसयल फारम खेल तालिका र अन्य आवश्यक कागजातहरू २०७७ बैशाख १५ गते उपलब्ध गराईने छ।

*अन्य थप जानकारीका लागि सम्पर्क*

**भोजराज शाही**
अध्यक्ष
बाँके जिल्ला फुटबल संघ
मो. ९८५८०२१२२२

**गोविन्द्र प्रसाद श्रेष्ठ**
महासचिव
बाँके जिल्ला फुटबल संघ
मो.नं. ९८५८०२११००




## पहिलो पृष्ठबाट बाँकी

### सिक्टालाई ...

**कृषिमा बहुआयाकि सोच आवश्यक**

सिक्टा सिंचाई आयोजनामार्फत बाँकेको ४३ हजार हेक्टरमा सिंचाई सुविधा पुऱ्याउने लक्ष्य छ। हाल २७ प्रतिशत क्षेत्रमा मात्र सिंचाइ पुगेको कृषि ज्ञान केन्द्र बाँकेले जनाएको छ। कृषि क्षेत्रका लागी पानी अत्यावश्यक छ।

गत वर्ष बाँके जिल्लामा करीब २५ प्रतिशतले धान उत्पादनमा वृद्धि भयो। अघिल्ला वर्षको जस्तो फौजि किराको प्रकोप यसवर्ष नदेखिनू, समयमै रोपाइ हुनू, किसानलाई अनुकुल समयमा सिँचाई सुविधा पुग्नु लगायतका कारणले धान उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख सागर ढकाल बताउछन्। बालिले समयमै सिंचाई पाएको खण्डमा २० देखी २५ प्रतिशत सम्म उत्पादन वढ्ने उनको भनाई छ।

तर सधैं एउटै बाली धानको खेती गरेर यति ठूलो आयोजनाको पूर्ण लाभ लिन नसकिने विज्ञहरू बताउँछन्। नियमित सिंचाई र किसानले बाली लगाउने समयमै सिंचाईको सुविधा भएमा बाँके जिल्लामा ३/४ वटा बालीसम्म उत्पादनको सम्भावना छ। विशेषगरी अन्नबालीमा धानका साथै गहुँ र हिउँदे मकैको उत्पादन बढाउनेतिर नीति निर्माता र किसानहरू तयार रहनुपर्ने विज्ञहरूको सुझाव छ। चैतेधान, मकै, गहुँ, मास लगायतका ३ वटा बाली एकैवर्षमा लगाउन सकिने उनीहरू बताउँछन्। बाह्रै महिना नहरमा पानी बग्दा जमिन पनि बाह्रै महिना कसरी हराभरा बनाउने भन्नेतिर सोच्नु आवश्यक रहेको उनीहरूको भनाई छ।

मानिसले चाहेमा जस्तोसुकै माटो पनि सुधार गर्न सकिने वा त्यसको संभावना पहिचान गरेर उपयोग गर्न सकिने कृषि ज्ञान केन्द्र प्रमुख ढकाल बताउछन्। बलौटे माटोमा वदामखेति, मकैखेति र चिम्टाइलो माटोमा धान, गँहु खेतिको सम्भावना छ। एक अध्ययन अनुसार बाँके बर्दियामा अंगुर खेतिको सम्भावना पनि छ। यसका साथै विदेशबाट आयात हुने आँप, लिचि, केरा, अनार लगायतका फलफूल पनि खेत गर्न सकिने सम्भावना छ। चाउमीन, सुजि, मैदा उत्पादनका लागी लगाइने फरक जातको गहुँ पनि यस क्षेत्रमा फल्ने सम्भावना रहेको ढकाल बताउँछन्।

### आर्थिक ...

कोरानाको संक्रमण देखिनुअघि स्थानीयस्तरबाट आर्थिक सहयोग आउने गरेको थियो। तर कोभिड-१९ को संक्रमण रोक्न झण्डै एक वर्ष देश नै लकडाउन भएपछि आर्थिक सहयोग पाउन नसकेको उनले बताइन्।

हाल नेपालगन्ज कार्यालयमा ४० जना बालबालिकाहरूसमेत छन्। उनीहरूलाई पढाउनका लागि आर्थिक समस्या छ। त्यस्तै मनोसामाजिक रूपमा अस्वस्थ रहेकालाई औषधि उपचार पनि वढि खर्चिलो छ। हाल ९० जनालाई नियमीत औषधि खुवाउनुपर्ने अवस्था छ। औषधि नखुवाउदा एग्रेसिभ हुने, रीसाउने, झैझगडा र कलह गर्ने भएका कारण अनिवार्य ओषधि खुवाउनैपर्ने हुन्छ। जिल्ला स्वास्थ्य कार्यालयमा निःशुल्क पाउने औषधि समयमा नपाइने गरेको उनको दुःखेसो छ।

झण्डै २ सयको संख्यामा आश्रममा रहेकाहरूको संरक्षण गर्न चुनौति रहेको छ। कहिलेकाहिँ के खुवाउने भन्नेसमेत समस्या हुने गरेको खनाल बताउँछिन्। तरपनि आफुहरूले सक्दो कोसिस गरीरहेको बताउदै अध्यक्ष खनालले भनिन् 'एउटा सानो ४/५ जनाको परीवारलाई हजार कोसिस गर्दापनि खुशी वनाउन सकिदैन भने हामीसँग यति धेरै पृष्ठभूमिका पीडितहरू हुनुहुन्छ। हामीले सकेसम्म सबैलाई खुसी वनाउने कोसिस गरीरहेका छौं।'

सडकमा भेटिएका, समाजले बहिष्कार गरेका, परिवारले वेवास्ता गरेका नागरिकको संरक्षण र पालपोषण राज्यको दायित्व भएको अध्यक्ष खनालको भनाई छ।

अब स्थानीय सरकारले पनि उनीहरूका लागि बजेट छुटेयाउनुपर्ने खनालले बताइन्। 'हामीले सेवा गऱ्यौं। यो सेवामुलक काम भएकाले हामी २४ घण्टा खटिनुपर्छ। यहाँ काम गर्ने कसैलाई पनि विदा हुदैन। यस्तो संस्थालाई प्रेरणा दिने काम सरकारको हो,' उनले भनिन्।

### पत्रकारका ...

पत्रकारहरूको हकहित, व्यवसायीक सुरक्षासंगै दक्षता अभबिृद्धिका लागि ठोस कार्ययोजनाका साथ काम गर्न सुझाउँदै उनीहरूले गैरपत्रकारहरूलाई महासंघबाट वदिाई गर्ने गरी सुदृढीकरण अभियान थाल्न पनि सुझाव दिएका थिए।

कार्यक्रममा सहभागी अध्यक्षका प्रत्यासी डक्ट प्रसाद धितालले पत्रकार महासंघ बाँके शाखालाई आफूले सक्दो सहयोग गर्दै हातेमालो गर्ने प्रतबिद्धता जनाए।



(बाँके जि.प्र.का.द.नं. ३४/५४-५५)
बाँके जि.हु.का.द.नं. ०८/६८-६९)
kalpristha.news@gmail.com
Monday 12 April 2021, सोमबार ३० चैत २०७७

# सफल कप्तानको सुखद् बिदाइ



तस्बिर साभार : बिराज महर्जनको फेसबुक पेजबाट

**जी. थापा**

*नेपालगन्ज, चैत २९*

२०७७ चैत्र १६ गते, सोमबारका दिन थ्री नेसन्स कपको फाईनल खेलमा नेपाल र बंगलादेशबीच दशरथ रंगशालामा भइरहेको खेलमा संजोक राई र विशाल राईको गोलमा नेपालले २-१ को गोल अग्रता बनाइसकेको अवस्था थियो।

त्यसो त उनी दशरथ रंगशालामा हुने भनिएको फिफा विश्वकप फुटबलको एशियाली देशहरूबीचको छनौट खेलअन्तर्गत नेपालले खेल्ने बाँकी खेलका लागि प्रशिक्षणमा बोलाइ पनि अन्तिम अवस्थामा उक्त खेल स्थगित भएपछि उनले घरेलु दर्शक र आफ्नो समर्थकबीच खेलेर अन्तरराष्ट्रिय फुटबलबाट सन्यास लिने सोचमा थिए।

खेलको ८८ औं मिनेट चलिरहँदा प्रशिक्षक बालगोपाल महर्जन भने बिराज महर्जनलाई मैदानमा पठाउन तयारी गर्दै थिए। केही समयपछि उनी खेलाडी स्थानान्तरणको पेपर लिएर फोर्थ अफिसियल नजिक पुगे। उनी मैदान प्रवेशका लागि लाईनमा उभिँदै गर्दा उनको मुहारमा एक प्रकारको उत्साह र खुशी दुबै छछल्किरहेको अनुभूति हुन्थ्यो।

उनको मैदान प्रवेशपूर्व प्रस्तोता संजिव सिल्पकार बिराज महर्जनको खेल जीवन र उनको सन्यास बारे बोल्दै गर्दा, "बिराज अन्तिम पटक राष्ट्रिय टिमको जर्सीमा मैदान प्रवेश गर्दैछन्। अन्तिम करीब साढे एक मिनेटको समय बाँकी रहेको छ। उनलाई एन्फाले आज स-सम्मान बिदाइ गर्दैछ। हामी आजपछि बिराजलाई राष्ट्रिय जर्सीमा अवश्य मिस गर्ने छौं।" उनले भने, यो उनको ७३ औं अन्तरराष्ट्रिय खेल हो। केही भाबुक हुन पुगेका छन् बिराज महर्जन। सायद उनी कप्तानको अन्तिम आर्मव्याण्ड लगाउँदै छन्।

यसैबीच खेलको ८९ औं मिनेटमा त्रिदेव गुरुङ मैदान बाहिरिदै गर्दा कप्तान किरणकुमार लिम्बुले रोहित चन्दमार्फत बिराज महर्जनलाई लगाई दिन भनी पठाएको आर्मब्याण्ड लगाउँदै गर्दा रङ्शालामा उपस्थित उनका हजारौं फ्यानहरूले बिराज, बिराज को नारा लगाउँदै थिए। उनी मैदान प्रवेश गरेको केही क्षणमा नै ६ मिनेट अतिरिक्त समय थपिएको थियो। उक्त थपिएको अतिरिक्त ६ मिनेट नै उनको खेल जीवनको अत्यन्त महत्वपूर्ण समय बन्न पुग्यो। २-१ ले पछि परेको अवस्थामा बंगलादेश अन्तिम अन्तिम समयमा निकै आक्रमक खेलिरहँदा बिराज महर्जन विपक्षीको लागि पर्खाल नै बनिदिएको भान हुन्थ्यो। विपक्षीको हरेक आक्रमणलाई निस्तेज पार्न उनी अन्तिम समयसम्म मैदानमा डटि रहे। अर्थात्, लडि रहे।

रेफ्रीले खेलको अन्तिम सिटी फुकेपछि उनी निकै भाबुक बने। उनले नेपालको झण्डा लिएर मैदानको वरिपरि दौडे। उनका सहकर्मी खेलाडीहरू भरत खवासलगायतले उनलाई बोकेर मैदानभरि घुमाए। उनले आफ्ना समस्त फ्यान तथा समर्थनहरूलाई धन्यवाद दिए। घरेलु मैदानमा खेलेर अन्तरराष्ट्रिय खेल जीवनबाट सन्यास लिने अवसर जुटाइ दिएकोमा एन्फालाई धन्यवाद दिए। केही बेर मैदानमै रहेर आफ्ना फ्यानहरूसँग सेल्फी लिए।

उनी सेलेब्रेशनको लगि जता जता जान्थे, त्यतै त्यतै बिराज महर्जनको पोस्टर टाँगिएको बयानर हेरेर उनी भावविभोर हुन्थे। आफ्ना फ्यान तथा समर्थनहरूतिर हेर्दै, हात हल्लाउँदै उनले दशरथ रङशालाको फराकिलो मैदानमा फराकिलो मन बनाउँदै आफ्ना हजारौं सुभेच्छुक एवम् समर्थकहरूको अगाडि खेल्दै अन्तर्राष्ट्रिय खेल जीवनबाट बिदा लिए।

# रावललाई प्रमोटर चयन



**कालपृष्ठ समाचारदाता**

*काठमाडौं, २९ चैत*

वर्ल्ड टेबल टेनिस डे २०२१ कार्यक्रमलाई नेपालमा मनाउन आईटीटीएफ फाउन्डेसनले आईटीटीएफ मान्यता प्राप्त टेबुल टेनिसका लेवल २८ प्रशिक्षक र अन्तर्राष्ट्रिय अम्पायर समेत रहनुभएका नरेश रावललाई प्रमोटरको रूपमा चयन गरेको छ। विश्वभरि मनाई रहेको कार्यक्रमलाई सफल बनाउन एकेडेमीले कार्यक्रममा सहभागी बच्चाहरूलाई टेबल टेनिस ब्याट, बल र टी-शर्ट वितरण गरेको छ।

प्रशिक्षक नरेशले टेबल टेनिसका विभिन्न अभ्यास, व्यायाम देखाउनका साथै सहभागीहरूसँग समेत खेलेका थिए। टेबल टेनिसको माध्यमबाट महिला सशक्तिकरणको यस कार्यक्रममा किशोरीहरू र महिलाहरूको ठूलो सहभागिता रहेको थियो। किशोरीहरू र महिलाहरूमा टेबल टेनिसको रुचि, आकर्षण र महत्वको विकास गर्न कार्यक्रम सफल रहेको प्रशिक्षक नरेशले विश्वास व्यक्त गरे।

# बाघपछि हात्तीको आक्रमण

**कालपृष्ठ समाचारदाता**

*बर्दिया, २९ चैत*

बर्दियामा यसवर्ष बाघको आक्रमणले मानिसहरूलाईआतंकित बनाइरहेकै छ। यही बेला बर्दियामा हात्तिको आक्रमण पनि सुरुभएको छ।

आइतबार हात्तीको आक्रमणमा परी एक जना महिलाको मृत्यु भएको छ। बर्दियाको गेरुवा गाउँपालिका वडा नम्रब- १, भटेरा निवासी ६० वर्षीय भुन्टि बोहराको बगुवा सामुदायिक वनमा बाख्रा चराउन गएका बेला आइतबार दिउँसो करिब १ बजेतिर जंगली हात्तीको आक्रमणमा परी उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ।

बर्दियामा बाघको आक्रमण जारी रहेकै बेला हात्तीको समेत आक्रमणबाट मानिसको मृत्यु हुन थालेपछि स्थानीयबासी त्रसित बनेका छन्। बर्दियामा बाघको आक्रमणबाट मात्रै यो वर्ष १० जना मानिसको मृत्यु भैसकेको छ।

ड्राइभिङ्ग सिक्नको लागि एकमात्र विश्वासिलो ड्राइभिङ्ग सेन्टर

न्यू मामा-भान्जा मोटर ड्राइभिङ्ग ट्रेनिङ सेन्टर



आफ्नै ट्रायल फिल्डमा दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा
ग्यारेण्टीका साथै ड्राइभिङ्ग सिकाइन्छ साथै
सवारी चालक अनुमतिपत्रका
लागि Online फर्म भरिन्छ।



प्रधान कार्यालय : पुष्पलाल चोक, नेपालगनज-१८, बाँके
सम्पर्क नं. : ०८१-५५१२४७, ९८४८०२४५७७, ९८४८०११२८८, ९८५८०३४५७७

टाढाका विद्यार्थीहरूको लागि खान तथा बस्नको पनि व्यवस्था छ।

## टिकटक बनाउँदा बेपत्ता

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, २९ चैत*

टिकटक बनाउन कर्णाली पुलबाट हाम फाल्दा कर्णाली नदीमा एक जना किशोर बेपत्ता भएका छन्।

कैलालीको लम्किचुहा नगरपालिका-२ का १८ वर्षीय सञ्जय खड्का कर्णाली नदीमा शनिबारदेखि बेपत्ता भएका हुन्।

उनले शनिबार दिउँसो कर्णाली पुलबाट हाम फालेपछि बेपत्ता भए भएको जिल्ला प्रहरी कैलालीले जानकारी दिएको छ।

बेपत्ता किशोरको नको खोजी कार्य जारी रहेको प्रहरीले जानकारी दिएको छ।

सञ्जय खड्कासंगै कर्णालीमा हाम फालेका १८ वर्षिय लोकेश प्याकुरेलको छातीमा चोट लागेर गम्भीर घाइते भएका छन्।

लम्किचुहा नगरपालिका वडा नम्बर १ का प्याकुरेलको नेपालगन्जमा उपचार भइरहेको छ। अर्का १७ वर्षिय वीरेन्द्र सिँह भने सकुसल छन्।

उनीहरू सबै एकै विद्यालयका कक्षा १० का विद्यार्थी हुन्। शनिबार ८ जनाको समूहमा चिसापानीमा नुहाउन गएको प्रहरीले जानकारी दिएको छ।

# वनस्पति दिवस मनाईयो

**कालपृष्ठ समाचारदाता**

*नेपालगन्ज, २९ चैत*




वनस्पति विभागको ६१ औं स्थापना दिवस तथा २२ औं वनस्पति दिवस बाँकेमा पनि मनाइएको छ।

वनस्पति अनुसन्धान केन्द्र बाँकेको आयोजनामा ढकेरी वनस्पति उद्यानमा आइतबार दिवस मनाइएको हो। यसवर्ष दिवस 'जडीबुटी खेती अभियान, समृद्धिको लागि योगदान' भन्ने नाराका साथ मनाईएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेका प्रमुख कोष नियन्त्रक रामचन्द्र शर्माको प्रमुख आथित्यता एवं डिभिजनल वन अधिकृत राजु क्षेत्री र बाँके राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत श्याम कुमार शाहको आतिथ्यतामा दिवस समारोह सम्पन्न भएको थियो।

समारोहमा वनस्पति अनुसन्धान केन्द्र बाँकेमा कार्यरत वरिष्ठ वैज्ञानिक अधिकृत सुनिल कुमार आचार्यले वनस्पति दिवस, वनस्पति अनुसन्धान केन्द्र र यस मातहत रहेको ढकेरी वनस्पति उद्यानको ऐतिहाँसिक पृष्ठभूमि, उद्देश्य र महत्वको सन्दर्भमा प्रष्ट पारेका थिए। आचार्यले वनस्पतिजन्य जडीबुटीहरूको महत्वको विषयमा समेत उपस्थित अथिति तथा सहभागीहरूलाई प्रष्ट्याएका थिए।

विद्युतीय कामका लागि भरपर्दो स्थान



स्वस्थानी ईलेक्ट्रिक पसल



धम्बोझी-१, विशाल चोक, नेपालगंज

हामी कहाँ ईलेक्ट्रिकका सम्पूर्ण सामानहरु पाउनुको साथ दक्ष
प्राविधिकद्वारा सि.सि. टिभी, थ्री फेज हाउस वायरिङ्ग तथा मर्मत गरिन्छ।

*नोट : होम डेलिभरीसहित रिपेरिङ्गको पनि सुविधा छ।*

**प्रो. प्रताप बुढामगर**
सम्पर्क : ९८०२५०९८८८, ९८१२४३४५००

Charti Flora
*Bindu Charti Magar*
9858041411



Industrial :–
Estate Shop No. 20



REMEMBER US FOR :
Cut Flowers & Bouquets, Flower Bunche, Basket Bouquests,
Weeding Car Decoration, Garland All Kind of Decoration
Gift Item & Many More..

रंगशाला नेपाल मिडिया प्रा.लि.का लागि हेमन्त कर्माचार्यद्वारा सम्पादित तथा प्रकाशित/सम्पर्क: ९८५८०२१९५९
कार्यालय: न्युरोड-२, नेपालगन्ज, फोन: ९८५११४८३६१, ९८५८०४६०३९, email: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: त्रिपुरा अफसेट प्रेस, नेपालगन्ज, बाँके